आज मिति २०७७ साल श्रावण २७ गतेका दिन गाउँपालिकाका अध्यक्ष श्री गोविन्द बहादुर पौडेल ज्यूको अध्यक्षतामा गाउँ कार्यपालिकाको बैठक बसि तपसिल बमोजिमका प्रस्ताव उपर छलफल गरी निर्णय गरियो।

**प्रस्तावित विषयहरु:-**

१. समिक्षा सम्बन्धमा।
२. राजश्व संकलन सम्बन्धमा।
३. आन्तरिक लेखा परीक्षण सम्बन्धमा।
४. बेरोजगार सूची दर्ता सम्बन्धमा।
५. फिल्ड भत्ता सम्बन्धमा।
६. गाउँपालिका दररेट सम्बन्धमा।
७. कार्य सम्पादन मूल्यांकन फारम सम्बन्धमा।
८. कर्मचारी पदपूर्ति सम्बन्धमा।
९. बादर नियन्त्रण सम्बन्धमा।
१०. गैरलाभग्राहिको पुनरावेदन सम्बन्धमा।
११. विविध।

**निर्णयहरु:-**

**१. निर्णय नं. १,** प्रस्ताव नं. १ माथि आवश्यक छलफल गर्दा यस लिखु गाउँपालिकाको विगतका कार्यपालिकाको बैठकका निर्णयहरु क्रमशः कार्यान्वयन भई रहेको, आर्थिक बर्ष ०७६/७७ मा सञ्चालित योजना तथा कार्यक्रमहरु प्रभावकारी रुपमा कार्यान्वयन भएको अवस्थामा अझ यसलाई प्रभावकारी रुपमा कार्यान्वयन गर्ने साथै बैठकमा गाउँपालिका अध्यक्ष तथा प्रमुख प्रशासकीय अधिकृत द्वारा प्रस्तुत समिक्षा र आर्थिक बर्ष ०७७/७८ को शाखागत बार्षिक कार्ययोजना अनुसार बार्षिक कार्यक्रम तथा योजनाहरु सञ्चालन गर्ने र सो सम्बन्धमा सरोकारवाला पक्षहरु बीचमा समन्वय गरी अगाडि बढ्ने सर्वसम्मतबाट निर्णय गरियो। बार्षिक कार्ययोजना यसै निर्णय साथ संलग्न छ।

**२. निर्णय नं. २,** प्रस्ताव नं. २ माथि आवश्यक छलफल गर्दा गाउँपालिकाको आर्थिक ऐन, २०७७ को दायरामा रही पालिका तथा वडा कार्यालयहरुले विभिन्न क्षेत्रबाट संकलन हुने राजश्वहरुलाई व्यवस्थित रुपमा संकलन गर्ने साथै सेवा शुल्क बाहेका अन्य राजश्वहरु (मालपोत, सम्पति कर) आर्थिक बर्षको

पहिलो त्रैमासिक भित्र संकलन गरी सक्ने र संकलन भएको राजश्वलाई व्यवस्थित गर्नको लागि सफ्टवयेर प्रणालिको अनिवार्य प्रयोग गर्ने सर्वसम्मतबाट निर्णय गरियो ।

३. **निर्णय नं. ३,** प्रस्ताव नं. ३ माथि आवश्यक छलफल गर्दा आर्थिक बर्ष ०७६/७७ को आर्थिक क्रियाकलापहरुको आन्तरिक लेखा परीक्षण गर्नको लागि कोष तथा लेखा नियन्त्रकको कार्यालय ओखलढुंगालाई अनुरोध गरी आन्तरीक लेखा परीक्षण गर्ने गराउने सर्वसम्मतबाट निर्णय गरियो ।

४. **निर्णय नं. ४,** प्रस्ताव नं. ४ माथि आवश्यक छलफल गर्दा प्रधानमन्त्री रोजगार कार्यक्रम कार्यान्वयनका लागि वडा कार्यालयहरुबाट संकलन भएको बेरोजगारहरुको सूचीको सन्दर्भमा, प्रधानमन्त्री रोजगार कार्यक्रम, स्थानीय निर्देशक समितिको मिति २०७७/०४/२६ गतेको निर्णयलाई अनुमोदन गर्ने सर्वसम्मतबाट निर्णय गरियो । स्थानीय निर्देशक समितिको बैठकको निर्णय यसै निर्णय साथ संलग्न छ ।

५. **निर्णय नं. ५,** प्रस्ताव नं. ५ माथि आवश्यक छलफल गर्दा वडा कार्यालयमा कार्यरत प्राविधिक कर्मचारीहरु (असिस्टेन्ट सब ईञ्जिनियर) लाई बार्षिक स्वीकृत कार्यक्रम अनुसार विनियोजन भएको फिल्ड भत्ता शिर्षकबाट मासिक ३,०००।०० को दरले फिल्ड भत्ता उपलव्ध गराउने सर्वसम्मतबाट निर्णय गरियो ।

६. **निर्णय नं. ६,** प्रस्ताव नं. ६ माथि आवश्यक छलफल गर्दा आर्थिक बर्ष ०७७/७८ को दररेट सम्बन्धमा दररेट निर्धारण समितिको मिति २०७७/०४/२६ गतेको निर्णयलाई अनुमोदन गर्ने सर्वसम्मतबाट निर्णय गरियो । दररेट निर्धारण समितिको निर्णय यसै निर्णय साथ संलग्न छ ।

७. **निर्णय नं. ७,** प्रस्ताव नं. ७ माथि आवश्यक छलफल गर्दा स्थानीय सेवामा कार्यरत कर्मचारीहरुको कार्य सम्पादन मूल्यांकन सम्बन्धमा संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, आन्तरीक व्यवस्थापन शाखाको च. नं. १२ मिति २०७७/०४/०१ गतेको पत्रानुसार प्राप्त नमुना कार्य सम्पादन मूल्यांकन फारमलाई नै अनुमोदन गर्ने सर्वसम्मतबाट निर्णय गरियो । कार्य सम्पादन मूल्यांकन फारम यसै निर्णय साथ संलग्न छ ।

८. **निर्णय नं. ८,** प्रस्ताव नं. ८ माथि आवश्यक छलफल गर्दा गाउँपालिकाको दैनिक प्रशासन, कार्यक्रम तथा योजनाहरु सञ्चालन गर्न दरबन्दी अनुसार पदपूर्ति हुन बाकि तपसिल बमोजिमको पदमा प्रचलित नियमानुसार करारमा कर्मचारीहरुको पदपूर्ति गर्ने सर्वसम्मतबाट निर्णय गरियो ।

**तपसिलः-**

| क्र.स. | शाखा / कार्यालय | पद | माग संख्या |
|---|---|---|---|
| १ | आधारभूत सरसफाई तथा स्वास्थ्य कार्यालय | हेल्थ असिस्टेन्ट | ५ जना |
| २ | कृषि पशुपन्छी तथा सहकारी कार्यालय | कृषि अधिकृत | १ जना |
| | | कृषि सहायक | २ जना |
| | | पशु सहायक | २ जना |
| ३ | आयुर्वेद औषधालय | बैद्य | १ जना |

९. **निर्णय नं. ९,** प्रस्ताव नं. ९ माथि आवश्यक छलफल गर्दा कृषि बालि नालिलाई बादरले नष्ट गरेको परिस्थितिमा बादर नियन्त्रणको लागि प्रत्येक वडालाई २/२ वटाका दरले वितरण हुने गरी राष्ट्रिय आविस्कार केन्द्रद्वारा निर्मित बादर भगाउने बन्दुक खरीद गर्ने र वडा कार्यालयमा वितरण भएको सो बन्दुक वडा कार्यालयको पुर्ण जिम्मेवारीमा व्यवस्थापन तथा प्रयोगमा ल्याउने साथै खरिद कार्यको लागि विपद् व्यवस्थापन कोषबाट खर्च गर्ने सर्वसम्मतबाट निर्णय गरियो।

१०. **निर्णय नं. १०,** प्रस्ताव नं. १० माथि आवश्यक छलफल गर्दा भुकम्प पिडित गैरलाभग्राहीको पुनरावेदनको लागि जिल्ला आयोजना कार्यान्वयन ईकाईबाट प्राप्त जानकारी अनुसार प्रत्येक गैरलाभग्राहीहरु स्वयं उपस्थित भई पुनरावेदन गर्नु पर्ने अवश्थामा वर्तमान कोरोना भाईरस (COVID-19) को परिस्थिति, भौगोलिक कठिनाईलाई मध्येनजर गरी गाउँ कार्यपालिकाको सिफारीसमा आधिकारीक प्रतिनिधिको उपस्थितिमा सम्पूर्ण गैरलाभग्राहिको पुनरावेदन दर्ता गर्ने गराउने व्यवस्था मिलाउन हुन जिल्ला आयोजना कार्यान्वयन ईकाईलाई अनुरोध गर्ने सर्वसम्मतबाट निर्णय गरियो।

११. **निर्णय नं. ११,** प्रस्ताव नं. ११ माथि आवश्यक छलफल गर्दा आवश्यकता अनुसार कार्यपालिकाको बैठक बस्ने सर्वसम्मतबाट निर्णय गरियो।